त्रिपुरासुन्दरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

त्रिपुराकोट बगर डोल्पा


प.सं.: २०७९।०८०

च नं: ८३६

मिति:२०७९।०९।०८

**विषय: पोषण सुधारका लागि अनुदान कार्यक्रम सम्बन्धी सूचना।**

प्रथम पटक सूचना प्रकाशन मिति: २०७९।०९।०८

प्रस्तुत विषयमा नेपाल सरकार अन्तर्गत स्थानीय तहको सहयोगमा यस त्रिपुरासुन्दरी नगरपालिकामा आ.व.२०७०।८० बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत विपन्न अवस्थाका महिला तथा बालबालिकामा पोषण सुधारका लागि महिला सहकारी तथा समूहलाई सुरुवाति पुँजी अनुदान वितरण गर्नुपर्ने कार्यक्रम रहेको हुँदा नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको मिति २०७९।०९।०४ गतेको निर्णयानुसार यस नगरपालिका वडा नं. ७, ९, र १० भित्रका महिला सहकारी तथा समूहले तपसील बमोजिमका कागजातहरु सहित तोकिएको प्रस्तावको ढाँचामा सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रस्तावना पेश गर्नुहुन महिला सहकारी तथा समूहलाई जानकारीका लागि अनुरोध छ।

तपसील

महिला सहकारी तथा महिला समूहमा विपन्न सदस्यहरुको आयआर्जन सुधार गर्न अनुदान कार्यक्रम निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:

१. महिला सहकारी तथा समूहको दर्ता प्रमाणपत्र

२. महिला सहकारीका हकमा आ.व.२०७८।७९ को कर चुक्ता प्रमाणपत्र र लेखापरीक्षण प्रतिवेदन

३. महिला समूहको हकमा १ वर्ष भित्रमा महिला सहकारीमा रुपान्तरण हुने प्रतिबद्दता पत्र

४. महिला सहकारी वा समूहले गर्न चाहेको व्यवसायको व्यवसायिक योजनापत्र

५. महिला सहकारी वा समूहको गत आ.व.२०७८।०७९ को आयव्ययको विवरण

६. २५ जना विपन्न महिलालाई अनुदान प्रदान गर्नुपर्ने हुँदा महिला सहकारी वा समूहमा सुनौला हजार दिनका आमा २५ जना सदस्य रहेको हुनुपर्ने छ। साथै सबै सदस्यको नागरिकताको प्रतिलिपी हुनुपर्ने छ।

७. कार्य समितिको निर्णयको प्रतिलिपी

८. सम्बन्धित वडा कार्यालयको सिफारिस

(लाल प्रसाद पोखरेल)

(प्रस्तावनाको ढाँचाका लागि यस त्रिपुरासुन्दरी नगरपालिकाको महिला तथा बालबालिका शाखामा सम्पर्क राख्नुहोला।)


फ्याक्स नं. ०९४८७०१३६
Fax No.994870136
फोन ०९४८७०१३६,०९४८७०१३७
Tel:994870136,994870137

Website: www. tripurasundarimundolpa.gov.np
Email : ito.tripurasundarimundolpa@gmail.com


CamScanner